## प्रादेशिक बायोमेडिकल कार्यशालाको सञ्चालन कार्यविधि, २०८१

प्रस्तावनाः लुम्बिनी प्रदेश सरकार स्वास्थ्य मन्त्रालयद्वारा स्वीकृत कार्यक्रम अनुसार संघ, प्रदेश र स्थानीय तह अन्तर्गत रहेका बायोमेडिकल उपकरणको उचित व्यवस्थापन (खरिद योजना, उपकरणको विस्तृत विवरण, खरिद, जडान, स्याहार संभार, मर्मत र क्यालिब्रेशन) गरि स्वास्थ्य उपकरणमा हुनजाने समस्यालाई कम गरी स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउने र विभिन्न समस्याले उपकरणहरु चालु अवस्थामा नरहने अवस्थालाई सम्बोधन गर्न आवश्यक भएकोले प्रदेश विनियोजन ऐन २०८१ को दफा १० को उपदफा २ बमोजिम यो प्रादेशिक बायोमेडिकल कार्यशाला कार्यविधि निर्माण गरिएको हो।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम "प्रादेशिक बायोमेडिकल कार्यशालाको संचालन कार्यविधि, २०८१" रहनेछ।

१.२ यो स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा**

क) "संयोजक" भन्नाले व्यवस्थापन समितिको दफा (३) बमोजिमको संयोजक भन्ने बुझिने छ।

ख) "कार्यशाला" भन्नाले प्रदेशस्तरको बायोमेडिकल उपकरणको निर्माण, जडान, मर्मत र सम्भार तथा व्यवस्थापन गर्ने इकाईलाई बुझिने छ।

ग) "ब्यवस्थापन समिति" भन्नाले प्रदेश बायोमेडिकल कार्यशाला व्यवस्थापन समिति बुझिने छ।

घ) "मन्त्रालय" भन्नाले स्वास्थ्य सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय बुझिने छ।

ङ) "प्रदेश" भन्नाले संघीय संरचनाको लुम्बिनी प्रदेश बुझिने छ।

च) "प्रादेशिक बायोमेडिकल कार्यशाला" भन्नाले प्रदेशको बायोमेडिकल उपकरण कार्यशाला बुझिने छ।

छ) "सदस्य" भन्नाले प्रादेशिक बायोमेडिकल उपकरण कार्यशाला व्यवस्थापन समितिको सदस्य बुझिनेछ।

ज) "अस्पताल" भन्नाले प्रदेश अन्तरगतका संघ, प्रदेश र स्थानीय तहका स्वामित्वमा रहेका अस्पताल बुझिनेछ।



निमित्त निर्देशक

सचिव

मा. सेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

झ) "स्वास्थ्य संस्था" भन्नाले संघ, प्रदेश मातहतका स्वास्थ्य संस्था र स्थानीय तहको स्वामित्वमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र र आधारभुत स्वास्थ्य केन्द्र बुझिनेछ।

३. ब्यवस्थापन समिति देहाय बमोजिम रहने छ।

| | |
|---|---|
| सचिव, स्वास्थ्य मन्त्रालय | - संयोजक |
| निर्देशक, स्वास्थ्य निर्देशनालय | - सदस्य |
| निर्देशक, प्रदेश स्वास्थ्य तालिम केन्द्र | - सदस्य |
| निर्देशक, प्रदेश जनस्वास्थ्य प्रयोगशाला | - सदस्य |
| निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थान केन्द्र | - सदस्य सचिव |

४. ब्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

४.१ प्रदेशस्तरमा बायोमेडिकल उपकरण व्यवस्थापनको लागि निति र योजना सहितको बजेट तथा कार्यक्रम व्यवस्थापन गर्ने।

४.२ संघीय, प्रादेशिक र स्थानीय तहका अस्पतालहरुमा बायोमेडिकल इकाई स्थापना र संचालनमा सहजिकरण गर्ने।

४.३ प्रादेशिक बायोमेडिकल कार्यशाला सन्चालन गर्न समितिले संघ र प्रदेश सरकार लगायत सहयोगी संघ संस्थासँग समन्वय, सहकार्य र सहयोग लिन सक्ने।

४.४ आवश्यकता अनुसार समिति, उपसमिति तथा अध्ययन अनुसन्धान टोली गठन गर्न सक्ने।

५. ब्यवस्थापन समितिको बैठक र निर्णय

५.१ समितिको बैठक संयोजकले तोकेको मिति, स्थान र समयमा कम्तिमा ६ महिनामा एक पटक बस्नेछ।

५.२ समितिको कुल सदस्य संख्याको पचास प्रतिशत उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

५.३ समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

निमित्त निर्देशक

२
सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

६. प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थान केन्द्रको बायोमेडिकल कार्यशालाको काम, कर्तब्य र अधिकार

६.१ प्रादेशिक बायोमेडिकल कार्यशालामा मर्मतका लागि आउने उपकरणहरुको लागि लाग्ने रकम प्रचलित कानून बमोजिम प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको सिफारिसमा प्रादेशिक कार्यशालाले गर्नेछ। र आवश्यकता अनुसार सहयोगी संघ संस्थालाई अनुरोध गरि व्यवस्थापन गर्नेछ।

६.२ प्रादेशिक बायोमेडिकल कार्यशालाबाट मर्मत हुन नसकेको अवस्थामा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रको सिफारिसमा व्यवस्थापन समितिसँग समन्वय गरि मर्मत व्यवस्थापन गर्न सकिनेछ।

६.३ प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र अन्तर्गत स्थानीय तहमा लाग्ने जगेडा सामानहरु (स्पेयर पार्ट्स) बार्षिक मर्मत संम्भार कार्ययोजनाका आधारमा सम्बन्धित तहबाट खर्च व्यहोर्ने गरि प्राविधिक सहयोग गर्न सकिने छ।

६.४ प्रदेश अन्तर्गत रहेका अस्पतालमा प्रत्येक वर्षको एक पटक कार्यशालाको प्राविधिक टोलीद्वारा अस्पतालको विभिन्न विभागमा रहेका मेडिकल उपकरणको दक्षता र प्रभावकारिताको निशुल्क जाँच तथा मर्मत गरिनेछ। यदि अस्पताललाई थप मर्मत जाँचको आवश्यक परेमा सम्बन्धित अस्पतालले आर्थिक भार व्यहोर्ने गरी बायोमेडिकल कार्यशालाको प्राविधिक टोली खटिन सक्नेछ।

६.५ प्रदेश मातहतका अस्पताल स्वास्थ्य संस्थाहरुमा रहेको बायोमेडिकल उपकरणहरुको विस्तृत विवरण लगायत सूची एवं लगत उपयुक्त सफ्टवेयर प्रणालीमा राखिनेछ। उक्त लगत/सूची सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थाहरुद्वारा सफ्टवेयर मार्फत प्रविष्टी गरिनेछ।

६.६ प्रदेश मातहतका अस्पताल/स्वास्थ्य संस्थाबाट मर्मतको लागि पठाइएको उपकरण एवं त्यसमा प्रयोग हुने सामानहरु प्रादेशिक बायोमेडिकल कार्याशालाले अनुसूची-१ बमोजिमको ढाँचामा प्राप्त फाराम भर्नुपर्नेछ।

६.७ अनुसूची-१ बमोजिमको ढाँचामा प्राप्त गरेको उपकरणको अनुसूची-२ बमोजिमको ढाँचामा स्पष्ट रुपमा मर्मतको विस्तृत विवरण भरि प्रादेशिक बायोमेडिकल कार्यशालाले पठाउनुपर्नेछ।

६.८ मर्मत भएको वा नभएको उपकरण अनुसूची-३ बमोजिमको ढाँचामा भरी प्रादेशिक बायोमेडिकल कार्यशालाबाट सम्बन्धित अस्पताल वा स्वास्थ्य संस्थालाई फिर्ता पठाइनेछ। उक्त ढुवानीको लागत खर्च सम्बन्धित स्वास्थ्य संस्थाले व्यहोर्नेछ।



निमित्त निदेशक

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

## ७. अस्पताल र स्वास्थ्य संस्थाहरुको काम र कर्तब्य

७.१ स्थानीय रुपमा मर्मत संभार गर्न नसकिने अवस्था आएमा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र मार्फत प्रादेशिक बायोमेडिकल कार्यशालामा अनुसूची-४ बमोजिमको ढाँचामा मर्मतको पत्र र उपकरणको जानकारी फाराम भरी पठाउने।

७.२ प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले अस्पतालबाट आएको पत्रको आधारमा सम्बन्धित अस्पतालमा प्राविधिक पठाउने छ। र उपकरणमा लाग्ने लागत र भ्रमण भत्ता सम्वन्धित संस्थाबाट व्यहोरिने छ।

७.३ स्थानीयरुपमा मर्मत गर्न नसकिने भएमा प्रादेशिक बायोमेडिकल कार्यशालामा मर्मतको लागि उपकरण ल्याउने र लाने व्यवस्था मर्मत अनुरोध पत्र साथ अस्पताल आफैले गर्नुपर्नेछ।

७.४ सम्बन्धित अस्पतालमा प्राविधिक भएमा अनिवार्य रुपमा मर्मतको समयमा प्राविधिक र उपकरण प्रयोगकर्ता उपस्थित गराउनुपर्नेछ तर उपकरण मर्मत हुन नसक्ने अवस्था भएमा ब्यवस्थापन समितिको सिफारिसमा आवश्यक व्यवस्थापन गर्न सकिने छ।

## ८. कर्मचारी सम्बन्धि व्यवस्था

८.१ प्रादेशिक बायोमेडिकल कार्यशाला संचालनको लागि आवश्यक कर्मचारीको व्यवस्था बजेट र कार्यक्रम बमोजिम हुनेछ।

निमित्त निर्देशक

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

अनुसूची-१

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

बुटवल, रुपन्देही

दाखिला नं.: .................. मितिः .................

विषयः उपकरण प्राप्त फाराम

श्री ..............................

त्यस अस्पताल/ संस्थाबाट मर्मतका निम्ति पठाइएका निम्न बमोजिमका उपकरण र त्यसमा प्रयोग हुने सामानहरु यस बायोमेडिकल कार्यशालामा प्राप्त भयो।

| S.N. | EIN | Discription | Quantity | Model | Serial No. |
|---|---|---|---|---|---|
| 1. | | Equipment: | | | |

| Accessories |
|---|
| |

यस कार्यशालाको तर्फबाटः

प्राप्त गर्नेको नामः

सम्पर्क नं.:

संस्थाको तर्फबाटः

ल्याउनेको नामः

सम्पर्क नं.:

निमित्त निर्देशक

५/११/५६

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय

अनुसूची-२

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

बुटवल, रुपन्देही

मर्मतको विस्तृत विवरण

---

उपकरणको पठाएको संस्थाको विवरण:

मिति:

उपकरणको विवरण

| क्र.सं. | सूचि नं. (EIN) | विवरण | परीमाण | मोडल | सिरियल नं. |
|---|---|---|---|---|---|
| | | | | | |

Operation Voltage: Current: Power:

| मर्मतको पूर्व अवस्था |
|---|
| |

| समस्या पहिचान |
|---|
| |

| मर्मत विवरण |
|---|
| |
| मर्मत पश्चातको अवस्थाः |
| |



निमित्त निर्देशक

सचिव

मा. खेम बहादुर सारु
मन्त्री

अनुसूची-३

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

बुटवल, रुपन्देही

प्रेषण नं.: .................. मितिः .................

**विषयः उपकरण प्रेषण (Dispatch) फाराम**

श्री ..............................

त्यस अस्पताल/स्वास्थ्य संस्थाबाट मर्मतका निम्ति पठाइएका दाखिला नं. ........... को निम्न बमोजिमका उपकरण र त्यसमा प्रयोग हुने सामानहरु तपाईलाई फिर्ता गरिएको छ।

| S.N. | EIN | Discription | Quantity | Model | Serial No. |
|---|---|---|---|---|---|
| 1. | | Equipment: | | | |
| Accessories | | | | | |

आवश्यक जानकारीका निमित्त कृपया हामीलाई सम्पर्क गर्नुहोला।

यस कार्यशालाको तर्फबाटः

पठाउनेको नामः

सम्पर्क नं.:

संस्थाको तर्फबाटः

बुझिलिनेको नामः

सम्पर्क नं.:

सचिव

मा. खेम बहादुर सारू
मन्त्री
स्वास्थ्य मन्त्रालय

अनुसूची-४

लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र

बुटवल, रुपन्देही

अनुरोध नं.: ..................                                                                                                    मितिः .................

विषयः उपकरण मर्मत अनुरोध फाराम

श्री ..............................

तल उल्लेखित उपकरणमा देहाय बमोजिमको समस्या देखिएको हुँदा आवश्यक मर्मतको निम्ति अनुरोध छ।

| S.N. | EIN | Discription | Quantity | Model | Serial No. |
|---|---|---|---|---|---|
| 1. | | Equipment:<br>Manufacture:<br>Distributor: | | | |

संस्थाको तर्फबाटः

अनुरोध गर्नेको नामः                                                                        सिफारिश गर्नेको नामः

पदः

सचिव

मा. खेम बहादुर सारु
मन्त्री
स्वास्थ्य मन्त्रालय